नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II)

## को तर्फवाट जिल्ला विकास समितिहरुले सामाजिक विकास अधिकृत पदको सेवा करारमा लिने सम्वन्धी

# सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२/१०/२८**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP - II) अन्तर्गत देहायका जिल्ला विकास समितिको कार्यालयमा रहि कार्य गर्ने गरी सम्वन्धित जिल्ला विकास समितिको कार्यालयबाट प्राप्त हुने दरखास्त फाराममा उल्लेखित बिवरण खुलाई देहायका पदहरुमा मिति २०७२/११/१९ गते बुधवार सम्म दरखास्त दिन ईच्छुक उम्मेद्वारहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

उम्मेद्वारहरुले जुन जिल्ला विकास समितिको कार्यालयको लागि दरखास्त दिने हो सोहि कार्यालयबाट दरखास्त फाराम लिई सोहि जिल्ला विकास समितिको कार्यालयमा नै बुझाउनु पर्नेछ । म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.स. | सूचना | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १. | ०३/०७२-०७३ | सामाजिक विकास अधिकृत | ९ (जिविसहरु) बझाङ्ग, बाजुरा, भक्तपुर, हुम्ला, ईलाम, ओखलढुङ्गा, पांचथर, ताप्लेजुङ्ग र तेह्रथुम) जिल्ला विकास समितिहरुमा १/१ जनाका दरले) |

(क) उपर्युक्त सवै पदहरुका लागि जिल्ला विकास समितिहरुले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फवाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्वन्धी कार्य विधि** -२०७२ को अधिनमा रहि उम्मेद्वारहरुको छनौट गर्नुपर्नेछ ।

(ख) उम्मेद्वार छनौटको प्रक्रिया लिखित परिक्षा र अन्तर्वाता दुवै हुनेछ ।

(ग) **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फवाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्वन्धी कार्य विधि** -२०७२ र दरखास्त फाराम www.mofald.gov.np बाट download गरी प्राप्त गर्न सकिनेछ ।

(घ) दरखास्त फाराम दस्तुर रु. १००० (एक हजार) उम्मेद्वारहरुले आफुले फाराम भर्न चाहेको जिल्ला विकास समितिमा बुझाई सोको रसिद दरखास्त फारामसंग संलग्न गरी बुझाउनु पर्नेछ ।

(ङ) दरखास्त फाराम बुझाउने अन्तिम म्याद मिति २०७२/११/१९ सम्म हुनेछ । म्याद समाप्त भएको भोलिपल्ट सम्वन्धित जिल्ला विकास समितिहरुले परीक्षा सम्वन्धी कार्यक्रमको सूचना प्रकाशित गर्नेछन ।

(च) उपर्यूक्त सूचना नं. ३ को पदको पाठ्यक्रमको हकमा कार्यविधिको दफा ४ को चौथो वुंदामा उल्लेखित व्यवस्था वमोजिम हुनेछ । साथै, सोही कार्यविधिको दफा ८ को **"योग्यता एवं छनौटका आधारहरु"** सम्वन्धी व्यवस्थामा उल्लेख गरिएका वुंदाहरुलाई समेत लिखित एवं अन्तवार्ताका क्रममा परिक्षण गर्नुपर्नेछ ।

(छ) उक्त पदमा रहि कार्य गर्दा पाउने सुविधा - प्रति महिना रु. तीस हजारका दरले वार्षिक १३ महिना वरावरको रकम पारिश्रमिकका रुपमा उपलब्ध गराईने छ र अन्य सेवा सुविधाका हकमा सम्वन्धित कार्यालयसंगको करार संझौतामा उल्लेख हुने शर्तहरु वमोजिम हुनेछ ।

(ज) उम्मेद्वारहरुले यस सम्वन्धि थप जानकारी लिन चाहेमा सम्वन्धित जिल्ला विकास समिति वा नगरपालिकाहरु बाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन ।